लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)
तौलिहवा

प.सं.:- २०८३/०८४
च.नं.:-

# वन प्राविधिक (पाँचौं तह) आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/०२

नेपाल सरकार, कृषि, वन तथा वातावरण मन्त्रालय, REDD कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौंको च.नं. ४६ मिति २०८३/४/२२ को पत्रानुसार वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम, संघीय सशर्त अनुदान अन्तर्गत स्थानीय तह,रेडका कार्यक्रम समुदाय तथा निजी वनलाई सहयोग गर्न विनियोजित बजेटको परिधिभित्र रही चालु आ.व. २०८३/०८४ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम कार्य गर्ने गरी वन प्राविधिक (पाँचौं तह) को रूपमा देहाय बमोजिमको संख्या र योग्यताको प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजातसहित आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | पद नाम | तह | माग संख्या |
|---|---|---|---|
| १ | वन प्राविधिक | पाँचौं | २ (दुई) |

**तपसिल**

**क. आवश्यक कागजातहरू**

१. निवेदन । २. वैयक्तिक विवरण (Curriculum Vitae) । ३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।४. शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि । ५. अनुभव खुल्ने प्रमाणित कागजात।६. वृक्षारोपण गरेको सम्बन्धी प्रमाणपत्र वा सिफारिस पत्रको प्रमाणित प्रतिलिपि । ७. सम्बन्धित कार्यको अनुभव तथा अन्य आवश्यक कागजातहरू ।

**ख. आवश्यक न्युनतम योग्यता**

देहायका योग्यता तथा अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछः

- वन विज्ञान विषयमा प्रमाणपत्र वा सो सरह अध्ययन गरी कम्तीमा १ वर्षको कार्य अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको।
- सामुदायिक वन कार्यक्रम वा जलवायु परिवर्तनसँग सम्वन्धित परियोजनामा निजी वन, सार्वजनिक वन वा वन क्षेत्रमा आफ्नो अगुवाइमा वन विकासको कार्य गरी ५ हेक्टरभन्दा बढी वृक्षारोपण गरेको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।
- लुम्बिनी प्रदेशका बासिन्दालाई प्राथमिकता दिइनेछ।

प्रभात सापकोटा
सिनियर डिभिजनल वन अधिकृत

लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु)

- १८ वर्ष उमेर पुरा भई ४८ वर्ष ननाघेको हुनुपर्नेछ। १८ वर्षदेखि ४० वर्षसम्मका उम्मेदवारलाई आवश्यकता अनुसार प्राथमिकता दिइनेछ।
- आदिवासी जनजाति, दलित, मधेसी, महिला तथा अल्पसंख्यक समुदायका उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
- REDD+ का बारेमा जानकारी भएको, लागत अनुमान तयार गर्न सक्ने तथा कम्प्युटरमा GIS, ETRS लगायतका Application सम्बन्धी ज्ञान भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
- प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

ग. छनोट प्रक्रिया तथा पारिश्रमिक

१. आवेदन दिने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयसम्म। पेश गरिने सबै प्रतिलिपिहरू उम्मेदवार स्वयंले प्रमाणित गरी डिभिजन वन कार्यालय, कपिलवस्तु मा कार्यालय समयमा उपस्थित भई निवेदन तथा कागजात बुझाउनुपर्नेछ।

२. छनोट प्रक्रिया : उम्मेदवारहरूको Curriculum Vitae (CV), शैक्षिक योग्यता, नागरिकतामा उल्लिखित जन्ममिति, अनुभव, वृक्षारोपण सम्बन्धी अनुभव तथा अन्य योग्यताका आधारमा REDD+ कार्यान्वयन केन्द्रले तोकेको वन प्राविधिक नियुक्तिसम्बन्धी मापदण्ड बमोजिम छनोट गरिनेछ।

३. पारिश्रमिक तथा सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियम तथा स्वीकृत कार्यक्रम/बजेटको सीमाभित्र रही करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

४. छनोटसम्बन्धी थप जानकारी तथा आवश्यक परेमा अन्तर्वार्ता/प्रस्तुतीकरण लगायतका प्रक्रिया सम्बन्धी सूचना यस कार्यालयको सूचना पाटी तथा अन्य आधिकारिक माध्यमबाट प्रकाशन गरिनेछ।

५. तोकिएको म्यादपछि प्राप्त भएका तथा रीत नपुगेका आवेदनहरू उपर कुनै कारवाही गरिने छैन।

६. झुट्टा विवरण वा गलत प्रमाणपत्र पेश गरेको पाइएमा जुनसुकै चरणमा आवेदन वा नियुक्ति रद्द गर्न सकिनेछ।

थप जानकारीका लागि सम्पर्क :
डिभिजन वन कार्यालय, कपिलवस्तु
तौलिहवा, कपिलवस्तु
फोन नं.: ९७६६७१५५५८
इमेल: dfokapilvastu@gmail.com

प्रभात सापकोटा
निमित्त डिभिजनल वन अधिकृत